लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर काठमाण्डौं
मिति: २०७३।०५।१५ गते ।

# प्रेस बिज्ञप्ति - १७२

# Press Release- 172

## लागु औषध खैरो हेरोईन सहित ३ जना मानिस पक्राउ

मिति २०७२।०५।१४ गते १५:०० बजेको समयमा का.जि. टोखा न.पा वडा नं.१३ शान्ति चोकबाट अवैध लागु औषध खैरो हेरोईन ११ ग्राम र अफिम ३ ग्राम सहित ३ जना मानिसहरुलाई पक्राउ गरिएको छ । उक्त लागु औषध भारतको पानीट्याकीबाट निजहरुले झापाको काँकडभिट्टा नाका हुदै काठमाण्डौमा ल्याई आफुले समेत सेवन गरी बाँकी लागु औषध बिक्री गर्ने उदेश्यले संचय गरी राखी रहेको अवस्थामा यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले माथी उल्लेखित लागु औषध सहित निम्न मानिसहरुलाई पक्राउ गरि थप अनुसन्धान भई रहेको ।

**निम्न:**

१. जि.झापा शनिश्चरे गा.बि.स वडा नं. ५ घर बताउने बर्ष ३४ को यम भन्ने भिम बहादुर निरौला ।

२. जि.झापा पथरीया गा.बि.स. वडा नं. ५ घर बताउने बर्ष ४५ को टेकनाथ खतिवडा ।

३. जि.ईलाम दानावारी गा.बि.स वडा नं. स्थायी घर बताउने बर्ष ३२ को नारायण कुमार गिरी ।

साथै यस ब्यूरोको शाखा कार्यालय काँकडभिट्टाबाट जि. नुवाकोट ओखरपौवा ४ घर भएका बर्ष २९ को हरीनाथ कोईरालालाई शंका लागि चेक जाँच गर्दा निजको साथबाट अवैध लागु औषध ब्राउन सुगर ४० ग्राम सहित मिति २०७३।०५।१० गते १२:३० बजेको समयमा जि.झापा मेची न.पा वडा नं.१० काँकडभिट्टाबाट पक्राउ गरि थप अनुसन्धान भइ रहेको ।

. . .

फोन नं. ४६०१०४८/फ्याक्स नं. ४६०१९७८, ईमेल: ncbnepal@gmail.com